**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) बमोजिम आ. व. २०७४/७५ को दोश्रो त्रैमासको विवरण देहाय बमोजिम रहेको छ ।**

**क निकायको स्वरुप र प्रकृति :**

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको थोक लघुकर्जा प्रदायक वित्तीय संस्था ।

**ख निकायको काम, कर्तव्य र अधिकार :**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ ; बैंकको प्रबन्धपत्र ; नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन तथा समय समयमा जारी हुने परिपत्रहरु र लघुवित्त वित्तीय संस्थाको आन्तरिक नीति, नियम र निर्णयहरुले तोके बमोजिमको काम कर्तव्य र अधिकार रहेको छ ।

**ग निकायमा रहने कर्मचारी संस्था र विवरण :**

कार्यरत कर्मचारी संख्या १८ (करारमा रहेका समेत) रहेको छ र लघुवित्त वित्तीय संस्थाले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भईरहेको छ । व्यवस्थापन समूहको नाम www.fmdb.com.np/management-team मा हेर्न सकिन्छ ।

**घ निकायबाट प्रदान गरिने सेवा :**

बैंक तथा वित्तीय संस्था ऐन, २०७३ बमोजिम "घ" वर्गको इजाजत प्राप्त थोक लघुकर्जा प्रदायक वित्तीय संस्थाले दिने सम्पूर्ण सेवाहरु ।

**ङ सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**

सेवा प्रदान गर्ने निकायको शाखाको विवरण लघुवित्त वितीय संस्थाको वेबसाईट www.fmdb.com.np/contactus मा प्रकाशित गरिएको छ ।

**च निर्णय गर्ने प्रक्रिया र अधिकारी :**

लघुवित्त वित्तीय संस्थाले प्रदान गर्ने सेवाका सम्बन्धमा प्रचलित ऐन, कानुन, नीति नियम, निर्देशिका तथा सञ्चालक समितिले समय समयमा गर्ने निर्णयहरुको अधिनमा रही तोकिएका कार्यहरु सम्पादन गर्नका निम्ति तोकिएका अधिकारीहरुले निर्णय गर्न सक्ने व्यवस्था मिलाइएको छ । लघुवित्त वित्तीय संस्थाको नीतिगत

निर्णय लिने तथा व्यवस्थापनलाई आवश्यक मार्गदर्शन तथा नीति निर्देशन प्रदान गरी व्यवस्थापनको कामहरुलाई नियन्त्रण तथा अनुगमन गर्नका लागि लघुवित्त वित्तीय संस्थाको सर्वोच्च निकायको रुपमा सञ्चालक समिति कार्यरत रहेको छ भने सञ्चालक समितिको सोही नीति निर्देशन तथा निर्णयहरुको अधिनमा रही व्यवस्थापकीय प्रमुखको रुपमा लघुवित्त वितीय संस्थाको समग्र कार्य सञ्चालन गर्नका लागि प्रमुख कार्यकारी अधिकृतलाई जिम्मेवारी प्रदान गरिएको छ ।

**छ निर्णय उपर उजुरी सुन्ने अधिकारी :**

लघुवित्त वित्तीय संस्थाको वेबसाईट www.fmdb.com.np/contactus मार्फत उजुरी गर्न सकिन्छ । साथै निर्णय उपर उजुरी सुन्नका लागि हाल प्रमुख कार्यकारी अधिकृतलाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ । निजको ठेगाना यस प्रकार गरेको छ ।

श्री भेष राज पन्थी
प्रमुख कार्यकारी अधिकृत
फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि.
ज्ञानेश्वर, काठमाडौं
फोन नः ४४२५३६१, ईमेल brpanthi@fmdb.com.np

**ज सम्पादन गरेको कामको विवरण :**

बैंक तथा वित्तीय संस्था ऐन २०६३, बमोजिम “घ” वर्गको थोक लघुकर्जा प्रदायक वित्तीय संस्थाले गर्न सक्ने सम्पुर्ण कारोबारहरु सम्पादन भईरहेको छ ।

**झ सूचना अधिकारीको नाम र पद :**

ग्राहकहरुलाई आवश्यक सूचना प्रदान गर्न तपसिल बमोजिमको अधिकारीलाई सूचना अधिकारी तोकिएको छ।

श्री दानराज पन्त
का.मु. नायव प्रमुख कार्यकारी अधिकृत
फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि.
ज्ञानेश्वर, काठमाडौं
फोन नः ४४२५३६१, ईमेल danaraj@fmdb.com.np

**ञ ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**

लघुवित्त वित्तिय संस्थाले पालना गर्नुपर्ने देहाय बमोजिनका ऐन, नियम, विनिमय वा निर्देशिकाहरुको पालना गरेको छ ।

१ बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३

२	नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोश्रो संशोधनसंग समायोजन गरिएको)
३	बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
४	कम्पनी ऐन, २०६३ (संशोधन २०७३)
५	बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६	सम्पत्ती शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (दोश्रो संशोधन २०७०)
७	धितोपत्र सम्वन्धी ऐन, २०६३
८	करार ऐन, २०५६
९	आयकर ऐन, २०५८
१०	बोनस ऐन, २०३०
११	उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु
१२	नेपाल राष्ट्र बैंकको सम्पुर्ण निर्देशिका तथा परिपत्रहरु

**ट आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :**

लघुवित्त वित्तीय संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्र पत्रिकामा प्रकाशित हुँदै आएको छ भने को वेबसाईट www.fmdb.com.np/reports मा समेत प्रकाशित गरिएको छ।

**ठ लघुवित्त वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना :**

लघुवित्त वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ ।

श्री भेष राज पन्थी
प्रमुख कार्यकारी अधिकृत
फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि. ज्ञानेश्वर, काठमाडौं ।
फोन नः ४४२५३६१, ईमेल brpanthi@fmdb.com.np

**साथै सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।**
क) यस लघुवित्त वित्तीय संस्थाले थोक लघुकर्जा प्रदान गर्ने कार्य गर्दै आईरहेको छ र विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना वा सञ्चालन गरेको छैन ।

ख) यस लघुवित्त वित्तीय संस्थाको वेबसाइट यसप्रकार छ : www.fmdb.com.np

ग) वार्षिक विवरणको प्रतिवेदन प्रकाशित गरी लघुवित्त वित्तीय संस्थाको वेबसाइटमा प्रकाशन गर्ने गरिएको छ । साथै लघुवित्त वित्तीय संस्थाको आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित गरी लघुवित्त वित्तीय संस्थाको वेबसाईटमा समेत प्रकाशित गर्दै आएको छ ।

मिति : २०७४।१०।१४